# समतामूलक दृष्टिकोणबाट उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अभ्यास
# Practice of Curricular Diversification in Higher Education from an Equity Perspective

कृष्णबहादुर जि. सी.[1]

[1]उपप्राध्यापक
महेन्द्ररत्न क्याम्पस
त्रिभुवन विश्वविद्यालय
काठमाडौँ, नेपाल

**Email**
krishnabahadur.gc@mrc.tu.edu.np

प्रकाशन : २०८२ असार
Publish: 2025 June
Doi:
https://doi.org/10.3126/bns.v28i1.79239

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2025 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns

**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

यस लेखले समतामूलक दृष्टिकोणबाट उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अभ्यासको अवस्था र यसका चुनौतीहरू प्रस्तुत गरेको छ। नेपाल बहुलतामा आधारित देश हो र यहाँको उच्च शिक्षाको हरेक तहमा अध्ययनरत विद्यार्थीहरूमा विविधतायुक्त पृष्ठभूमि पाइन्छ । विद्यार्थीहरूको यस किसिमको विविधतायुक्त पृष्ठभूमिलाई उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अभ्यासले समतामूलक न्याय कायम गर्न सहयोग गर्छ । हालको पाठ्यक्रम संरचना तथा शिक्षण अभ्यास परम्परागत पद्धतिमा आधारित भएकाले सामाजिक न्याय, समानता र समताको प्रत्याभूति गर्न नसकेको तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । यस अध्ययनको मूल उद्देश्य उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अवस्था विश्लेषण गर्नु रहेको छ । उच्च शिक्षामा अध्यापनरत विभिन्न विषय शिक्षकहरूलाई उद्देश्यमूलक नमूना छनोट विधिबाट छानिएको र गुणात्मक ढाँचामा आधारित यस अध्ययनमा घटना अध्ययन उपागमको प्रयोग गरी असंरचित अन्तर्वार्ताको आधारमा सङ्कलित सूचनाको विश्लेषण गरिएको छ। प्राप्त सूचनालाई विषयगत विश्लेषण गरी निष्कर्ष निकालिएको यस कार्यमा विधिशास्त्रीय अभ्यासको सन्दर्भमा विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापको अभ्यास भएको पाइन्छ । त्यसैले पाठ्यक्रम विविधीकरणको कार्यान्वयनले उच्च शिक्षामा विद्यार्थीहरूको विविधतायुक्त पृष्ठभूमिको सम्मानसहित बहुविधिशास्त्रीय अभ्यासलाई जोड दिन्छ । विद्यमान पाठ्यक्रममा विभिन्न समस्या तथा चुनौतीहरू भएकाले त्यसको समाधानका लागि नीतिगत र व्यावहारिक उपायहरू अपनाउनुपर्ने देखिन्छ । उच्च शिक्षामा पाठ्यक्रमको विधिशास्त्रीय अभ्यासको प्रभावकारिता तथा समतामूलक न्याय कायम गर्न सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताको सम्मान गर्दै नीतिगत प्रतिबद्धतासहित शिक्षकको संवेदनशीलता तथा लचिलो पाठ्यक्रमयुक्त संस्थागत क्रियाशीलताको आवश्यकता यस लेखले इङ्गित गरेको छ ।

***शब्दकुञ्जी :*** घटना अध्ययन, पाठ्यक्रम विविधीकरण, बैंकिङ पद्धति, संस्कृतिक उत्तरदायी विधिशास्त्र

**How to cite this article (APA)**

**English :** G. C., K. B. (2025). Practice of curricular diversification in higher education from an equity perspective. *Bikashko Nimti Shiksha. 28*(1), 1-10. https://doi.org/10.3126/bns.v28i1.79239

**नेपाली :** जि.सी., कृष्णबहादुर (२०८२), समतामूलक दृष्टिकोणबाट उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अभ्यास, *विकासको निम्ति शिक्षा,* २८(१), १-१० । https://doi.org/10.3126/bns.v28i1.79239

**Abstract**

This article presents the status of the practice of curriculum diversification in higher education and its challenges from an equitable perspective. Nepal is a pluralistic country and students studying at every level of higher education come from diverse backgrounds. The practice of curriculum diversification in higher education helps to maintain equitable justice in view of such diverse backgrounds of students. Various studies have shown that the current higher education curriculum structure and teaching practices in the context of Nepal are based on traditional methods and therefore fail to ensure social justice, equality, and equity. The main objective of this study is to analyze the status of curriculum diversification in higher education in Nepal. In this qualitative study, in which teachers of varied subjects teaching in higher education were selected on the purposive sampling basis, and the information collected was analyzed on the basis of the case study approach and open interviews. In this work, which was concluded by analyzing the information received thematically, it is found that the practice of student-centered learning activities has been practiced in the pedagogic practice. Therefore, the implementation of curriculum diversification emphasizes multidisciplinary practice in higher education while respecting the diverse backgrounds of students. Since there are various problems and challenges in the existing curriculum, it seems that policy and practical measures need to be adopted to solve them. This article has indicated the need for teacher sensitivity and institutional flexibility with flexible curricula, along with policy commitment, to ensure the effectiveness of curriculum and pedagogic practice and equitable justice in higher education.

***Keywords:*** Banking approach, case study, curriculum diversification, culturally responsive pedagogy

## विषय प्रवेश

नेपाल बहुसांस्कृतिक तथा बहुधार्मिक देश हो (नेपालको संविधान, २०७२)। यहाँ १२४ वटा भाषााहरू बोलिन्छन् (केन्द्रीय तथ्याङ्क कार्यालय, २०८०)। नेपालको उच्च शिक्षामा विभिन्न सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक पृष्ठभूमि भएका विद्यार्थीहरूको सहभागिता रहेको छ । उच्च शिक्षामा अध्ययन गर्ने विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूलाई एकै किसिमको पाठ्यक्रमका आधारमा सिकाइन्छ । यस किसिमको प्रक्रियाले विद्यार्थीहरूलाई न्याय प्रदान गर्न सकेको पाइँदैन । नेपालको संविधानले आधार भूत तहसम्म मातृभाषामा शिक्षा लिन पाउने हक सुनिश्चित गरेको छ (नेपालको संविधान, २०७२)। माध्यमिक तथा उच्च शिक्षाको तहमा भने यस किसिमको प्रावधान नरहेकोले व्यक्तिले समानता भन्दा पनि समताको दृष्टिकोणबाट हेर्दा न्यायपूर्ण तवरमा शिक्षा आर्जन गर्न सकेको देखिँदैन । उच्च शिक्षा सबै व्यक्तिका लागि अनिवार्य नभए तापनि जो व्यक्तिले उच्च शिक्षा हासिल गर्न चाहन्छ। समतामूलक तथा न्यायपूर्ण तवरबाट लिन पाउनु व्यक्तिको अधिकार हो । व्यक्तिको अधिकारसँग जोडिएको शिक्षा आर्जनको प्रक्रिया व्यक्तिको रुचि, आवश्यकता, क्षमता तथा सिकाइ स्तरअनुसार हुनुपर्छ (Subedi & Bhattarai, 2019) । यस प्रक्रियाले व्यक्तिलाई समतामूलक दृष्टिकोणबाट आफू समायोजित भएको महसुस गर्न सक्छ। यस किसिमको प्रक्रियालाई पाठ्यक्रमको विविधीकरणको अभ्यासले सहयोग गर्छ। पाठ्यक्रम विविधीकरण भनेको कक्षाकोठामा विद्यार्थीहरूको विविध आवश्यकता, रुचि, सिकाइस्तर तथा

क्षमतालाई सम्बोधन गर्नका लागि उद्देश्य, विषयवस्तु, विधिशास्त्रीय कार्यान्वयन, शिक्षण सामग्रीजन्य अभ्यास, सिकाइ वातावरण तथा मूल्याङ्कन जस्ता विभिन्न पक्षको व्यवस्थित कार्यान्वयन गर्ने प्रक्रिया हो (Tomlinson, 2001) । यस प्रक्रियाले विद्यार्थीहरू बिचका वैयक्तिक भिन्नताहरू पहिचान गरेर सिकाइ प्रक्रियामा समान पहुँचका अतिरिक्त क्षमता अनुसारको सिकाइ आर्जनमा सहयोग पुऱ्याउँछ। पाठ्यक्रम विविधीकरणका मुख्य अङ्गहरूमा विषयवस्तु, सिकाइ प्रक्रिया, सिकाइ उपलब्धि तथा सिकाइ वातावरण पर्छन् (Tomlinson, 2014) । यस सन्दर्भमा शिक्षण सिकाइ प्रक्रिया पनि पाठ्यक्रम विविधीकरणको मुख्य अङ्ग भएको र यस प्रक्रियामा शिक्षकले प्रयोग गर्ने शिक्षण विधि तथा विषयवस्तुअनुसारको सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको अनुभवलाई बाहिर ल्याउने प्रयास गरिएको छ । यसमा विद्यार्थी सहभागिता तथा उनीहरूको सिकाइमा पाठ्यक्रमको विधिशास्त्रीय वा प्रक्रियाजन्य विविधीकरणको अभ्यासको प्रभाव के कस्तो परेको छ भन्ने कुरालाई विस्तृत रूपमा खोजीको विषयवस्तु बनाइएको छ। उचित किसिमको विधिको प्रयोग तथा सिकाइ गतिविधिहरूले एकातर्फ पाठ्यक्रम विविधीकरणको मर्मलाई प्रतिबिम्बित गर्छन् भने अर्कोतर्फ विद्यार्थीहरूलाई समतामूलक तवरबाट शिक्षा आर्जनको वैयक्तिक अधिकारको पनि सुनिश्चितता प्रदान गर्छन् । यस अध्ययनमा पाठ्यक्रम विविधीकरणका विभिन्न आयामहरूमध्ये प्रक्रियाजन्य (विधिशास्त्रीय) अभ्यासलाई केन्द्रमा राखी सूचना सङ्कलन गरी त्यसको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

शिक्षामा समानताको सन्दर्भमा पाठ्यक्रमको विविधीकरणको अभ्यासलाई विद्यार्थीहरूको सिकाइ स्तर, रुचि तथा क्षमताहरूसँग जोडेर हेर्न सकिन्छ (Tomlinson, 2014) । आधारभूत तथा माध्यमिक तहमा मात्र यस किसिमको विविधीकरणको अभ्यास आवश्यक नभई नेपालका उच्च शिक्षा तहमा समेत यसको सान्दर्भिकता त्यत्तिकै रहेको पाउन सकिन्छ। नेपालको उच्च शिक्षामा सामाजिक, आर्थिक, सांस्कृतिक र भाषिक विविधतायुक्त विद्यार्थीहरूको बाहुल्यता रहेको छ (Bhattarai, 2021) । यस किसिमको विविधताले विश्वविद्यालयका शिक्षकहरूका लागि अवसर तथा चुनौती दुवै प्रस्तुत गर्छन् । पाठ्यक्रम विविधीकरणको अभ्यासको प्रासङ्गिकता बढ्दो मात्रामा भए पनि धेरैजसो शिक्षकहरू परम्परागत व्याख्यान विधिमा आधारित सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने अवस्थाबाट बाहिर आउन सकेका छैनन् (Subedi & Bhattarai, 2019)। विद्यार्थी केन्द्रित तथा सहकार्यमा आधारित शिक्षण विधिको प्रयोग गर्ने हो भने सबै विद्यार्थीहरूलाई क्षमताअनुसारको सिकाइ प्राप्ति र निर्धारित उपलब्धि हासिल गर्न सहज हुने देखिन्छ । शिक्षामा उपलब्ध अवसरले निष्पक्षताको पनि प्रतिनिधित्व गर्छ जहाँ विद्यार्थीहरू आफ्नो क्षमताले भ्याएसम्म सफलता हासिल गर्ने दिशामा अग्रसर हुन्छन् (OECD, 2012; UNESCO, 2020) ।

पाठ्यक्रमको विविधीकरणअन्तर्गत प्रक्रियागत अभ्यासबाट पनि विद्यार्थीहरूमा समतामूलक सिद्धान्तका आधारमा क्षमताजन्य सिकाइ प्राप्तिमा सहजीकरण गर्न सकिन्छ। यस किसिमको अभ्यासका लागि विषय शिक्षकहरू समयअनुसार आफ्नो दक्षतामा अद्यावधिक हुन सकेको पाइँदैन (Subedi & Bhattarai, 2019) । विद्यार्थीहरूका लागि व्यक्तिगत भिन्नता पहिचान गरी सोहीअनुसार आवश्यक कार्यनीतिको कार्यान्वयनका लागि लचिलो विधिशास्त्र आवश्यक पर्छ। यसले सीमान्त तथा पिछडा वर्गमा पर्ने विद्यार्थीहरूका लागि पनि न्याय प्रदान गर्छ (OECD, 2012) । नेपालको उच्च शिक्षामा समतामा

आधारित विविधीकरणयुक्त विधिशास्त्रको प्रयोग गर्नाले बहुभाषिक तथा बहुसांस्कृतिक कक्षाकोठाहरूमा न्यायपूर्ण शिक्षा प्रदान गर्न सकिन्छ (Bhattarai, 2021) । शिक्षण सिकाइ प्रक्रियाहरू जस्तैः सक्रिय सिकाइ कार्यनीतिहरू (समूह कार्य, परियोजनामा आधारित सिकाइ, सहकार्यात्मक सिकाइ) अवलम्बन गर्न सकेमा विद्यार्थीहरूको क्षमतामा आधारित सिकाइ प्रक्रियाले सार्थकता पाउने देखिन्छ । उच्च शिक्षामा विविधतायुक्त शैक्षिक पृष्ठभूमि भएका विद्यार्थीहरूको लागि भाषिक विविधतायुक्त सिकाइ कार्यनीतिका अतिरिक्त विधिशास्त्र र मूल्याङ्कन पद्धतिमा पनि विविधता ल्याउनु पर्छ । ग्रामीण क्षेत्रका विद्यार्थीहरूका लागि सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण सामग्रीको प्रयोग गर्न सकेमा पनि शिक्षामा समतामूलक दृष्टिकोण व्यावहारिक रूपमा कार्यान्वयनमा आउन सक्ने देखिन्छ । यस किसिमको विविधीकरणयुक्त सिकाइ कार्यनीतिका लागि कठोर पाठ्यक्रम, सीमित शिक्षक तालिम तथा ठूलो कक्षा आकारजस्ता कुराहरूले संस्थागत चुनौतीहरूलाई प्रतिबिम्बित गरिरहेको पाइन्छ (Koirala, 2018; Acharya, 2020) । यस किसिमका चुनौतीहरू विविधीकरणयुक्त पाठ्यक्रमको कार्यान्वयनका उच्च शिक्षा केन्द्रित बाधक तत्त्वहरू हुन् ।

नेपालको उच्च शिक्षा (विश्वविद्यालय तह) मा अध्ययन गर्ने विद्यार्थीहरूको पनि विविधतायुक्त सिकाइ स्तर रहेको हुन्छ । यसका लागि उनीहरूको विविधतायुक्त पृष्ठभूमि र वैयक्तिक क्षमता जिम्मेवार हुन्छ । विद्यालय तहमा पाठ्यक्रम विविधीकरणको अभ्यास जसरी भएको हुन्छ त्यसको तुलनामा उच्च शिक्षामा विषयवस्तुको प्रकृति तथा शिक्षण विधिजन्य अभ्यासले यसको प्रक्रिया गहन नहुन सक्छ । नेपाल जस्तो परम्परागत पद्धतिबाट शिक्षण सिकाइ प्रक्रियालाई अगाडि बढाउने मुलुकमा सीमित स्रोत तथा साधनको उपलब्धतामा शिक्षकले अपनाउने परम्परागत विधिको ठाउँमा उनीहरूले पाठ्यक्रम विविधीकरणको अभ्यासलाई पर्याप्त मात्रामा अगाडि बढाउन नसकेको अनुसन्धान प्रतिवेदनहरूले देखाउँछन् । यस सन्दर्भमा पाठ्यक्रमको विविधीकरणयुक्त अभ्यासअन्तर्गत प्रक्रियाजन्य अभ्यासलाई अध्ययनको केन्द्रीय पक्ष बनाइएको छ । यो लेख के उच्च शिक्षामा विद्यार्थीहरूको विविधतायुक्त पृष्ठभूमिका आधारमा शिक्षण सिकाइ प्रक्रिया (विधिशास्त्रीय अभ्यास) तथा शिक्षण सामग्री प्रयोगको अवस्थालाई शिक्षकले अवलम्बन गरेका छन् ? गरेका छन् भने यस किसिमको अभ्यासको अवस्था के छ ? के विषय शिक्षकहरूले समतामूलक सिद्धान्तका आधारमा पाठ्यक्रमको विधिशास्त्रीय अभ्यास गरेका छन् ? उनीहरूले पाठ्यक्रम विविधीकरणको अभ्यासमा के कस्ता चुनौतीको सामना गर्नु परेको छ ? जस्ता प्रश्नहरूमा केन्द्रित छ । यी सबै अनुसन्धानात्मक प्रश्नहरू उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अभ्यासको सन्दर्भमा केन्द्रित रहेका छन् । समतामूलक दृष्टिकोणबाट यस किसिमको पाठ्यक्रम विविधीकरणको अभ्यासको अवस्था, यसका चुनौती तथा समाधानका उपायहरूलाई यस अध्ययनमा खोजीको विषयवस्तु मानी सोहीअनुसार सैद्धान्तिक सम्बन्धसहित प्राप्त सूचनाहरूका आधारमा नतिजा निकाल्ने प्रयास गरिएको छ ।

यस अध्ययनमा सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण विधिलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ । यो एउटा त्यस किसिमको दृष्टिकोण हो जसले शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीहरूको जातीय, भाषिक, सांस्कृतिक र सामाजिक पृष्ठभूमिलाई मूल्य प्रदान गर्छ (Gay, 2000; Ladson-Billings, 1995) । यो दृष्टिकोणले शिक्षामा समता, समावेशीता तथा सामाजिक न्याय कायम

गर्नका लागि महत्त्वपूर्ण भूमिका समेत खेल्छ । Gay (2000) ले सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण विधिलाई विद्यार्थीहरूको सांस्कृतिक विशेषता, अनुभव तथा दृष्टिकोणलाई शिक्षाका लागि पुलको रूपमा प्रयोग गर्ने प्रक्रिया भनेर परिभाषित गरेकी छन् यसले विद्यार्थीको पहिचान तथा सन्दर्भलाई शिक्षण सिकाइसँग जोड्नका अतिरिक्त समावेशी सिकाइ वातावरण निर्माण गर्न मदत गर्छ । नेपालको सन्दर्भमा उच्च शिक्षाको पाठ्यक्रमले सबै समूहको प्रतिनिधित्व गर्नुपर्ने आवश्यकता भएकाले यस किसिमको विविधताभित्र समता सुनिश्चित गर्न पाठ्यक्रमको विविधीकरणजन्य अभ्यासको सान्दर्भिकता बढ्दो रूपमा रहेको देखिन्छ । सांस्कृतिक उत्तरदायी शिक्षण विधिका तत्त्वहरूमा सांस्कृतिक चेतना, उच्च अपेक्षा, सान्दर्भिक पाठ्यक्रम, शिक्षकको सक्रियता र सामाजिक चेतना पर्छन् (Gay, 2002) । यी सम्पूर्ण तत्त्वहरू पाठ्यक्रम विविधीकरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् । जब पाठ्यक्रमले विभिन्न समुदायका विद्यार्थीको भाषा, संस्कृति, अनुभव तथा आवश्यकता सम्बोधन गर्छ त्यसपछि मात्र सिकाइ समतामूलक र सन्दर्भअनुसारको हुन्छ । त्यसैले उच्च शिक्षामा पाठ्यक्रममा विविधीकरणको अभ्यासलाई समतामूलक बनाउन सैद्धान्तिक रूपमा सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण विधि उपयुक्त हुन्छ भने यसले परम्परागत शिक्षण विधिहरूबाट बाहिर निस्केर विद्यार्थी केन्द्रित सिकाइ प्रक्रिया, स्थानीय सन्दर्भअनुकूल सिकाइ, बहुलताको सम्मान र सिकाइ वातावरणको निर्माणका लागि मार्गनिर्देश गर्छ ।

## अध्ययनविधि

यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ । गुणात्मक ढाँचामा आधारित यस अध्ययनले नेपालको उच्च शिक्षामा समताको दृष्टिकोणबाट पाठ्यक्रम विविधीकरणको विधिशास्त्रीय अभ्यासलाई गहन रूपमा अन्वेषण गर्नका लागि मदत पुऱ्याउँछ । गुणात्मक ढाँचा अध्ययनको गहन अन्वेषणसम्म पुग्ने उपयुक्त तरिका हो (Yin, 2018) । किनभने यस ढाँचामा अध्ययनकर्ताले गहन सूचना प्राप्तिमा जोड दिनुका साथै पृथक किसिमको नतिजा पत्ता लगाउन सहयोग गर्छ । प्राप्त नतिजालाई अन्य परिवेशमा सामान्यीकरण गर्न नसक्ने निष्कर्ष आउने भएकाले यसलाई गुणात्मक ढाँचाको रूपमा लिइएको छ । अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिबाट स्नातकोत्तर तहमा अध्यापनरत तीन जना शिक्षकलाई दुई जना ऐच्छिक विषय अध्यापन गर्ने शिक्षकलाई अवस्थाको रूपमा छानिएको छ । सूचना सङ्कलनका लागि खुला अन्तर्वार्ता निर्देशिकाको प्रयोग गरिएको छ । यसबाट निर्धारित उद्देश्यमा आधारित भई गहन रूपमा सूचना सङ्कलन गरिएको छ । अन्य विधिबाट घटना छनोट गर्दा यस अध्ययनका उद्देश्यहरू पूरा गर्न नसकिने भएकाले यसमा उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरिएको हो । घटना अध्ययन एउटा गुणात्मक अनुसन्धान उपागम हो जुन व्यक्तिले आफ्नो दैनिक जीवनमा कुनै पनि विशेष घटना के कसरी अनुभव गर्छन् भनेर बुझ्न र वर्णन गर्नमा केन्द्रित हुन्छ (Husserl, 1970) । यस किसिमको अनुभव तथ्य वा वस्तुगत वास्तविकतासँग भन्दा पनि मानिसहरूले आफ्ना अनुभवहरूको अर्थ के कसरी बनाउँछन् भन्ने कुरासँग सम्बन्धित हुन्छ । गुणात्मक अध्ययनमा खोजीको प्रक्रिया गहन हुनुका साथै पर्याप्त विवरणहरू पनि प्राप्त गरिन्छ (Creswell & Poth, 2018) । घटना अध्ययन यस ढाँचाभित्रको महत्त्वपूर्ण उपागम हो यसले व्यक्तिको अनुभवलाई उच्च महत्त्वका साथ स्थान दिने गर्छ (Patton, 2015) । यस अध्ययनमा सूचना सङ्कलन गरिएका विषय शिक्षकका सम्पूर्ण अनुभव तथा सूचनाहरूलाई गोप्य राखिएको छ र सम्बन्धित व्यक्तिको अनुमति बिना यस अध्ययनबाहेक अन्य स्थानमा ती सूचनाहरूलाई प्रयोग नगरिने सुनिश्चितता गरिएको छ ।

## नतिजा र छलफल

उच्च शिक्षामा विविधीकरणको अभ्यासलाई समतामूलक दृष्टिकोणबाट विश्लेषण गर्दा प्रतिक्रियादाता शिक्षकहरूका विचारलाई यस सन्दर्भमा विषयगत विश्लेषणअन्तर्गत समावेश गरिएको छ । ती विचार हरूलाई सैद्धान्तिक सम्बन्धसहित व्याख्या गरिएको छ । यस सन्दर्भमा पूर्वनिर्धारित उद्देश्यमा आधारित विषयगत शीर्षक र त्यसअन्तर्गतका सहभागीका विचारसहितको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको विधिशास्त्रीय अभ्यास

नेपालको उच्च शिक्षामा विभिन्न विषयगत रूपमा अध्यापन गर्ने शिक्षकले पाठ्यक्रम विविधीकरणको पर्याप्त अभ्यास गरेका छन् । विषयवस्तु, विधिशास्त्र वा सिकाइ प्रक्रिया, मूल्याङ्कन र सिकाइ वातावरणअन्तर्गत रहेर शिक्षकले पाठ्यक्रमको विविधीकरणको अभ्यास गरिरहँदा विधिशास्त्रीय वा प्रक्रियाजन्य अभ्यासले सिकाइमा थप सहजीकरण गरेको पाइन्छ (Tomlinson, 2014) । यस अध्ययनमा पाठ्यक्रम विविधीकरणको प्रक्रियाजन्य पक्षको मात्र लेखाजोखा गरिएको छ । यसै सन्दर्भमा सहभागीको विचारलाई क्रमशः प्रस्तुत गरिएको छ ।

घटना अध्ययनमा अन्तर्वार्ताको माध्यमबाट एकजना सहभागी (आर१) बाट प्राप्त विचार यस प्रकार रहेको छ :

> म यस संस्थामा विगत एघार वर्षदेखि अध्यापनरत छु । मेरो अध्यापनको विषय अङ्ग्रेजी साहित्य हो । मैले पाठ्यक्रम विविधीकरणलाई विभेदीकृत सिकाइको रूपमा बुझेको छु । यस किसिमको विविधीकरणमा विद्यार्थीहरूको सिकाइको पृष्ठभूमि पहिचान गरेर आवश्यकताअनुसार शिक्षण विधिको प्रयोग गरिन्छ । तर पनि धेरैजसो म व्याख्यान विधिको प्रयोग गरिरहँदा पनि अन्य विद्यार्थी केन्द्रित विधि जस्तै परियोजना विधि, समस्या समाधान विधि र खोज अन्वेषण विधिको समेत प्रयोग गर्छु । यसबाट विद्यार्थीले आफ्नो क्षमताअनुसार सिक्न पनि सक्छ र क्षमताको आधारमा सिकाइ हुँदा समतामूलक न्यायले पनि सार्थकता पाउँछ । विधिशास्त्रीय विविधीकरण एउटा त्यस किसिमको उपागम हो जसले विद्यार्थीको क्षमताअनुसार शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नका लागि प्रेरित गर्छ ।

पाठ्यक्रम विविधीकरणमा शिक्षकले विद्यार्थीहरूको सामाजिक, आर्थिक, भाषिक तथा भौगोलिक विविधताको ख्याल गरी विषयवस्तुको प्रकृतिका आधारमा उचित किसिमको विधिशास्त्र (Pedagogy) को प्रयोग गर्नुपर्ने तथ्य माथिका विचारहरूले प्रष्ट पार्छन् । विशेष गरी विद्यार्थीहरू कुन सांस्कृतिक परिवेशबाट कक्षाकोठामा आएका हुन् त्यस पृष्ठभूमिलाई पहिचान गर्न सकेमा उपयुक्त विधिशास्त्र र सामग्रीको छनोट तथा प्रयोग गर्न सहज हुने कुरा पनि ती विचारहरूबाट स्पष्ट हुन्छ । यस किसिमको सांस्कृतिक रूपमा जिम्मेवार सिकाइ क्रियाकलाप तथा विधिशास्त्रको प्रयोगबाट विद्यार्थीको क्षमताको उचित सम्बोधन पनि हुन जान्छ (Gay, 2010) । शिक्षण विधि विषयवस्तुको स्वरुप तथा विद्यार्थीको सिकाइ स्तरको आधारमा प्रयोगमा ल्याउँदा समतामूलक न्याय व्यावहारिक रूपमा नै कार्यान्वयनमा आउने देखिन्छ ।

यस सन्दर्भमा घटना अध्ययनमा अन्तर्वार्ताको माध्यमबाट अर्को सहभागी (आर २) बाट प्राप्त दृष्टिकोण यसप्रकार उल्लेख गर्न सकिन्छ :

म ऐच्छिक नेपाली विषय अध्यापन गर्ने शिक्षक हुँ । पाठ्यक्रम विविधीकरणलाई शिक्षकहरूले औपचारिक रूपमा कम प्रयोग गर्दथे तर पनि उनीहरूले अनौपचारिक रूपमा भए पनि विद्यार्थीहरूको सामाजिक-सांस्कृति तथा संज्ञानात्मक पक्षलाई ख्याल गर्दै आवश्यकताअनुसार विधि तथा सिकाइ प्रक्रिया र शिक्षण सामग्री प्रयोगको अवस्थामा विविधीकरण गर्न सकेमा न्यायोचित रूपमा सिकाइ उपलब्धि हासिल गर्न सक्ने मेरो बुझाइ छ । उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणको अभ्यासका सन्दर्भमा लिखित दिशानिर्देश नभए ता पनि केही विद्यार्थीहरूलाई नेपाली ऐच्छिक विषयमा बढी समय र प्रशस्त उदाहरणहरू आवश्यक पर्छ । त्यसका लागि मैले आफ्नो विधि शास्त्रीय अभ्यास र सामग्री प्रयोगको अभ्यासलाई यी कुराहरूमा केन्द्रित गरी अध्यापन गर्छु । यसबाट पनि विद्यार्थीहरूको सिकाइको तहअनुसार सिकाउन सकिने र समतामूलक अभ्यासमा समेत टेवा पुग्ने देखिन्छ ।

माथिका विचारहरूले यस किसिमको विधि शास्त्रीय अभ्यास अनुभवमा आधारित हुने र अलग्गै लिखित निर्देशनका लागि संस्थागत मान्यताको अभावसमेत हुने भएकाले शिक्षकको क्षमतामा आधारित पाठ्यक्रम विविधीकरणको अभ्यासले पनि उच्च स्थान लिन सक्ने कुरा प्रतिबिम्बित गर्छन् । यस किसिमको निर्धारित तथा औपचारिक विधिका अतिरिक्त परिस्थितिजन्य विधि शास्त्रीय उपागम र सामग्रीको प्रयोग रूपान्तरणीय विधिअन्तर्गत पर्छ (Koirala, 2018) । शिक्षण विधिको रुपान्तरणीय दृष्टिकोणले पाठ्यक्रम विविधीकरणको अभ्यासमा समतामूलक न्याय समेत प्रदान गर्छ । यसबाट विद्यार्थीहरूले पूर्वनिर्धारित शिक्षण विधिका अतिरिक्त आवश्यकताअनुसार कुनै पनि विधि जस्तैः समूह छलफल, खोज अन्वेषण तथा परियोजना विधिको उचित प्रयोगबाट शिक्षकले सहजीकरण गरिरहँदा सजिलैसँग सिक्न सक्छन् र आफ्नो सिकाइको पृष्ठभूमिसँग त्यस किसिमको सिकाइको तालमेल समेत मिल्न जान्छ । यस अवस्थामा सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण विधिको प्रयोग पनि भएको ठहर्छ (Gay, 2000) ।

## अभ्यासमा देखिएका चुनौती

पाठ्यक्रम विविधीकरणका विधिशास्त्रीय अभ्यासमा विभिन्न किसिमका चुनौतीहरू देखिएका छन् । यस सन्दर्भमा सहभागी शिक्षकहरूका दृष्टिकोणहरू क्रमशः निम्नअनुसार प्रस्तुत गरिएको छ :

घटना अध्ययनमा अन्तर्वार्ताको माध्यमबाट प्राप्त एकजना सहभागी (आर१) को दृष्टिकोण यस प्रकार रहेको छ :

म अनिवार्य विषय अध्यापन गर्छु । मेरो अनुभवमा उच्च शिक्षा तहमा पाठ्यक्रम विविधीकरणको अभ्यासमा शिक्षकले सहजीकरण मात्र गर्छन् भने विद्यार्थीहरूले आफ्नो सिकाइ योग्यता तथा सामाजिक सांस्कृतिक पृष्ठभूमिका आधारमा उपयुक्त विधिको चयन एवम् प्रयोग गर्नका लागि उल्लेख्य भूमिका खेल्छन् । परियोजना कार्य, समस्या समाधान विधि, खोज तथा अन्वेषण विधि आदिको प्रयोगबाट गरिने शिक्षणमा विधिशास्त्रीय विविधीकरणको पर्याप्त अभ्यास हुन्छ । यसबाट विद्यार्थीको समतामूलक क्षमताको सम्बोधन हुन्छ तर पनि यसमा व्यवधानहरू भने रहेका छन् । जस्तैः अनिवार्य विषयको कक्षामा विद्यार्थी सङ्ख्या बढी हुँदा प्रवचन विधिका अतिरिक्त अन्य विधिको प्रयोगमा समय बढी लाग्छ । पाठ्यक्रमको संरचित स्वरूप

> वा कठोरपना पनि यसमा एउटा अवरोध नै हो । यसका साथै (सेमेष्टर) सत्र प्रणालीमा पनि सिकाइ केन्द्रित गतिविधि भन्दा पनि नतिजामुखी गतिविधिहरू कक्षाकोठामा बढी हुनु विविधीकणको अभ्यासमा चुनौती हो । परीक्षा ढाँचा सबैका लागि समान भएकाले ग्रेडहरूका लागि मात्र पढाउनु निराशाजनक देखिन्छ किनभने विधिशास्त्रीय विविधीकरणको अभ्यासले सिकाइ प्रक्रियामा जोड दिन्छ ।

प्राप्त सूचनाका आधारमा भन्न सकिन्छ कि पाठ्यक्रम विविधीकरणको विधिशास्त्रीय अभ्यासमा परम्परागत विधिको अधिक प्रयोग हुँदा शिक्षकलाई सजिलो हुन सक्छ तर पनि विद्यार्थीहरूलाई आफ्नो क्षमता तथा पृष्ठभूमिको आधारमा सिक्नका लागि कठिन हुन्छ । यो बहुसांस्कृतिक दृष्टिकोणबाट पाठ्यक्रम सुधारको सन्दर्भसँग निकट हुन जान्छ (James, 2004) । किनभने शिक्षकको एकल विधिशास्त्रीय अभ्यासबाट विद्यार्थीहरूका सांस्कृतिक विविधतायुक्त परिवेश तथा उनीहरूको सिकाइ स्तरजन्य विविधताको अवमूल्यन यस किसिमको अभ्यासमा हुन जान्छ ।

पाठ्यक्रम विविधीकरणको विधिशास्त्रीय अभ्यासमा संरचना तथा संस्थागत अवरोधले शिक्षकको स्वतन्त्रता र समतामूलक तथा समावेशी प्रयत्नलाई रोक्ने काम गरेको हुन्छ (Freire, 1970) । यस किसिमको शिक्षाको बैंकिङ नमुना वर्तमान समयमा उच्च शिक्षामा कति सान्दर्भिक हुन जान्छ त्यो अर्को खोजको विषय बन्न सक्छ । यसले पनि पाठ्यक्रम विविधीकरणमा शिक्षकले पर्याप्त मात्रामा अभ्यास गर्ने चाहना राखेर उसँग क्षमता भएता पनि यस किसिमको अवरोधका कारणले अभ्यासमा कठिनाइ उत्पन्न हुने गर्छ । सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण विधिको माध्यमबाट सिकाइ प्रक्रियालाई अगाडि बढाउने हो भने समतामूलक न्याय कायम गर्न सकिन्छ जसबाट सिकाइ प्रक्रियामा देखिएका चुनौतीहरूलाई सहज रूपमा किनारीकृत गर्न सजिलो समेत हुन्छ ।

## अभ्यासमा देखिएका चुनौती समाधानका उपायहरू

उच्च शिक्षाको पाठ्यक्रम विविधीकरणमा विधिशास्त्रीय अभ्यासको पक्षमा विभिन्न किसिमका अवरोधहरू हुन्छन् । त्यस किसिमका समस्या तथा चुनौतीहरूको न्यूनीकरणका लागि विविध उपायहरू अवलम्बन गर्न सकिन्छ। यस सन्दर्भमा अन्तर्वार्ताबाट प्राप्त सूचनाका आधारमा पाठ्यक्रम विविधीकरणको विधिशास्त्रीय अभ्यासमा देखा परेका चुनौती तथा समस्या समाधानका उपायहरूलाई प्रतिक्रियादाताको चर्चा गरिएको छ ।

घटना अध्ययनको क्रममा अन्तर्वार्ताको माध्यमबाट प्राप्त अर्का सहभागीको (आर२) को विचार निम्नअनुसार रहेको थियो :

> म नेपाली भाषा विषयको अध्यापक हुँ । पाठ्यक्रम विविधीकरणको विधिशास्त्रीय अभ्यासमा रहेका समस्या समाधानका तरिकाहरू अलग अलग हुन्छन् । विषयवस्तुको प्रकृति, विद्यार्थीको सिकाइ स्तर तथा उनीहरूको सामाजिक-सांस्कृतिक पृष्ठभूमिका आधारमा यस किसिमका तरिकाहरू अवलम्बन गर्न सकिन्छ । यद्यपि साधारणरूपमा हेर्दा अध्यापन कार्यनीतिमा लचिलोपना र विविधीकरणको अभ्यासलाई परिस्थितिजन्य बनाउन सकेमा यस किसिमको अभ्यासमा देखिएका चुनौतीहरू केही मात्रामा भए पनि न्यून गर्न सकिन्छ र विद्यार्थीहरूको

समतामूलक क्षमतामा आधारित सिकाइले पनि सार्थकता पाउँछ ।

माथिको विचारका आधारमा शिक्षकले सबै विद्यार्थीहरूलाई एउटै शैली तथा पद्धतिमा अध्यापन गर्दा सबैले बुझ्न सक्दैनन् भन्ने कुरा सहजै पहिचान गर्न सकिन्छ । त्यसैले शिक्षकले सिकाइ कार्यनीतिमा लचिलोपना अपनाउनु आवश्यक पर्छ । यस किसिमको अभ्यासले मात्र पनि सबै विद्यार्थीहरूलाई आफ्नो सिकाइ स्तरको आधारमा सिकाउन सम्भव हुँदैन भन्ने तथ्य पनि प्रतिक्रियादाताको विचारबाट उजागर गर्न सकिन्छ । फरक क्षमता भएका विद्यार्थीहरूलाई साधारण विद्यार्थीलाई सिकाउने तरिकाभन्दा पृथक तरिका तथा विधिको उचित प्रयोग गर्नका लागि शिक्षक सबल तथा सक्षम हुनुपर्छ । कसैले लेखेर सिक्न सक्छ भने कसैले शिक्षकले बोलेको कुरा नै सहज रूपमा बुझ्न सक्छ । त्यसैले शिक्षकले विद्यार्थीको सिकाइ विविधतालाई ध्यानमा राखी सिकाउन सक्नु पर्छ । यसका लागि रूपान्तरणीय विधि तथा लचिलो पाठ्यक्रमको प्रयोग उपयुक्त हुन सक्छ । उच्च शिक्षामा समता सुनिश्चित गर्नका लागि विद्यार्थीहरूको विविधताप्रतिको संवेदनशीलतालाई शिक्षकले राम्रोसँग बुझ्न सक्नु पर्छ । यसबाट विद्यार्थीको आवश्यकताका आधारमा पनि शिक्षकले विधिशास्त्रीय अभ्यासको कार्यनीति समयसापेक्ष बदल्न सक्नुपर्ने देखिन्छ (Tomlinson, 2014) । शिक्षक पाठ्यक्रम अनुसार सापेक्षित रूपमा विधिशास्त्रमा पोख्त भएको अवस्थामा यस किसिमको रणनीतिक रूपान्तरण समेत सम्भव हुन जान्छ । यसका लागि पनि सांस्कृतिक रूपमा उत्तरदायी शिक्षण विधिको उच्चतम प्रयोगमा विषय शिक्षकले ध्यान दिनु पर्छ ।

## निष्कर्ष

नेपालको सन्दर्भमा उच्च शिक्षामा पाठ्यक्रम विविधीकरणमा विधिशास्त्रीय अभ्यासअन्तर्गत परम्परागत तथा आधुनिक दुवै किसिमका अभ्यासहरू कार्यान्वयनमा आएको माथि उल्लेख गरिएका विभिन्न प्रतिक्रियादाताका विचारहरूले स्पष्ट पार्छन् । समतामूलक शिक्षाको सुनिश्चितताका लागि पनि यस किसिमको विविधीकरणको अभ्यास निकै सान्दर्भिक हुन जान्छ । नेपाली समाजका का विविधतायुक्त पृष्ठभूमि भएका विद्यार्थीहरूका लागि सापेक्षित रूपमा विधिशास्त्रीय अभ्यासलाई निरन्तरता दिनु आवश्यक हुन्छ । पाठ्यक्रम तथा शिक्षण विधिहरूले पनि सामाजिक, सांस्कृतिक, भाषिक तथा आर्थिक धरातल फरक भएका विद्यार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्न सक्ने गरी नीति निर्माण तहमा पनि समयअनुसार परिवर्तन गर्न सकेको अवस्थामा यसको कार्यान्वयन पक्ष पनि सबल बन्न जान्छ । विधिशास्त्रीय अभ्यासमा समावेशीताको पक्षलाई उपेक्षा गर्दा सिकाइमा समतामूलक न्याय हासिल हुन सक्दैन । त्यसैले नेपालको उच्च शिक्षाका सन्दर्भमा पनि पाठ्यक्रमको संरचना, विधिशास्त्रीय प्रक्रिया, मूल्याङ्कन र सिकाइको वातावरणमा समेत समावेशी, बहुसांस्कृतिक तथा स्थानीय सन्दर्भमैत्री पक्षहरूलाई समेट्नु जरुरी हुन्छ ।

## सन्दर्भसामग्री

राष्ट्रिय तथ्याङ्क कार्यालय, (२०८०), *राष्ट्रिय जनगणना २०६८,* नेपाल सरकार ।

नेपाल कानून आयोग (२०७२), *नेपालको संविधान,* नेपाल सरकार ।

Acharya, S. (2020). Rethinking teaching-learning practices in Nepalese universities: Toward a student-centered pedagogy. *Tribhuvan University journal, 35*(2), 110–125.

Banks, J. A. (2009). *Multicultural education: Issues and perspectives*. John Wiley & Sons.

Bhattarai, G. (2021). Equity and inclusion in Nepalese higher education: Perspectives of teachers and students. *Journal of inclusive education, 5*(2), 45–60.

Creswell, J. W., & Poth, C. N. (2018). *Qualitative inquiry and research design: Choosing among five approaches* (4th ed.). Sage Publications.

Freire, P. (1970). *Pedagogy of the oppressed*. Continuum.

Gay, G. (2000). *Culturally responsive teaching: Theory, research, and practice*. Teachers College Press.

Gay, G. (2002). Preparing for culturally responsive teaching. *Journal of teacher education*, *53*(2), 106–116. https://doi.org/10.1177/0022487102053002003

Husserl, E. (1970). *The crisis of European sciences and transcendental phenomenology* (D. Carr, Trans.). Northwestern University Press.

Koirala, B. N. (2018). Pedagogical transformation in higher education: A case from Nepal. *Educational perspectives, 6*(1), 77–89.

Ladson-Billings, G. (1995). Toward a theory of culturally relevant pedagogy. *American educational research journal*, *32*(3), 465–491.

OECD. (2012). *Equity and quality in education: Supporting disadvantaged students and schools.* OECD Publishing.

Patton, M. Q. (2015). *Qualitative research & evaluation methods: Integrating theory and practice* (4th ed.). Sage Publications.

Subedi, B. P., & Bhattarai, T. N. (2019). Teaching in higher education in Nepal: Practices and challenges. *Journal of education and research, 9*(1), 1–17.

Tomlinson, C. A. (2001), *How to differentiate instruction in mixed-ability classrooms* (2nd ed.), ASCD.

Tomlinson, C. A. (2014). *The differentiated classroom: Responding to the needs of all learners* (2nd ed.). ASCD.

UNESCO. (2020). *Inclusion and education: All means all – Global education monitoring report.* Paris: UNESCO.

Yin, R. K. (2018). *Case study research and applications: Design and methods* (6th ed.). Sage Publications.